
सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६० | वि.सं. २०७९ पुस २५ गते सोमबार | 09, 2023 Monday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## भारतलाई अध्यक्षको चेतावनीः नेपालको आन्तरिक मामिलामा हात हाल्ने आट नगर्नुहोस्



काठमाडौँ, २४ पौष । एमाले अध्यक्ष केपी शर्मा ओलीले कम्युनिष्ट नेतृत्वको नयाँ सरकार गठन भएकोमा छिमेकी देश भारत सन्तुष्ट नभएकोतर्फ इंकित गर्दै टिप्पणी गरेका छन् ।

नयाँ बानेश्वरस्थित संघीय संसद भवनमा आयोजित कार्यक्रममा उनले अहिले पनि यो सरकार फेरफार गर्नुपर्छ, यसरी सरकार बनाउन कहाँ पाइन्छ भनेर सरकार ढाल्न लागिरहेको आरोप लगाए ।

उनले छिमेकीहरूबाट यस्तो क्रियाकलापको अपेक्षा नगरेको र नगर्ने पनि बताए । उनले भने, 'हामी हाम्रो राष्ट्र आफ्नो ढंगले चलाउछौं तपाईहरूले सहयोग गर्नसक्नु हुन्छ गर्नुहोस् तर आन्तरिक मामिलामा हात हाल्ने आट नगर्नुहोस् ।'उनले नयाँ सरकार गठनपछि पत्रपत्रिका हेरिसक्नु नभएको, कुटनीतिक चलखेल बुझ्नसक्नुको भएको पनि बताए । यसप्रकारका गतिविधि बन्द गर्न र मित्रको हिसाबले चल्न उनले आग्रह गरे ।

छमेकीहरूलाई यहाँ बनेको सरकारसँग मिलेर काम गर्न आग्रह गर्दछौं। पारस्परिक सम्बन्ध राखेर अघि बढ्दौं । आत्तिनु पर्ने अवस्था केही पनि छैन ।

तर ढोकाबाट होइन पर्खालमाथिबाट पसेर हस्तक्षेप बन्द गर्न उनले आग्रह गरे । यो समाचार आजको राजधानी दैनिकमा छ ।

## नगरदाहांमा हिन्दु परिषद नेपाल द्वारा बृहत्त जनजागरण कार्यक्रम सम्पन्न




**रामजी यादव २३पुस।** पर्साको बहुदरमाई नगरपालिका वडा नं.३नगरदाहामा हिन्दु परिषद नेपाल द्वारा बृहत्त जनजागरण कार्यक्रम आज सम्पन्न भएको छ।

बहुदरमाई मन्दीरको पुजारी पं. केदार पाडेंको सभापतित्वमा हिन्दु परिषद नेपाल द्वारा बृहत्त जनजागरण कार्यक्रम सम्पन्न भएको हो।हिन्दु परिषद नेपालका केन्दीय अध्यक्ष संतोषानन्द महाराजको प्रमुख आतिथ्यमा बृहत्त जनजागरण कार्यक्रममा हिन्दू परिषद नेपालका केन्द्रीय सदस्य तथा बिशिष्ट अतिथी अधिवक्ता बिनोद प्र.कुर्मी, केन्द्रीय सदस्य सचित्तानंद दुबे, केन्द्रीय सदस्य डा.मुकेश सिंह, केन्द्रीय सदस्य बाँके बिहारी,लगायतले हिन्दुहरुको सनातन धर्मको रक्षा प्रति आ-आफ्नो मन्तब्य ब्यक्त गरेका थिए ।

हिन्दु परिषद नेपालका बहुदरमाई नगर अध्यक्ष चन्द्रप्रभाकर साह,आमिचन ब्यास,शिक्षक जिउत साह

बाँकी तेश्रो पृष्ठमा

## मानव सेवा आश्रममा साहिब दरबारले उपलब्ध गरायो न्यानो कपडा




वीरगञ्ज, २४ पुष । साहिब दरबार सेवा संस्थानले मानवसेवा आश्रम वीरगञ्जमा आश्रीतका लागि न्यानो कपडा उपलब्ध गराएको छ । मानसिक अवस्था तथा अन्य विभिन्न कारणबाट सडकमा भौतारिएकाहरुलाई आश्रमले आश्रय दिएर राखेको छ । सडक मानवको उद्धार गर्दै आएको आश्रममा अहिले ४९ जना सहयोजापेक्षी रहेका छन् । सबैलाई एक एक थान पुग्ने गरी ५० थान न्यानो कपडा (कम्बल) उपलब्ध गराइएको संस्थानका अध्यक्ष उमेशलाल सहनीले बताए । आश्रममा रहेका सहयोगापेक्षीहरु कठ्याङ्गिदो जाडोमा समस्यामा नपरुन भनेर न्यानो कपडा उपलब्ध गराइएको उनले बताए । संस्थानले शुक्रबार मात्रै वीरगञ्जको विभिन्न स्थानमा खुला सडकमा रात विताउन बाध्य ३० जना भन्दा बढीलाई न्यानो कपडा उपलब्ध गराएको थियो । केही दिन देखि बढेको जाडोका कारण जनजीवन निकै प्रभावित भएकाले असहाय तथा विपन्नलाई न्यानो कपडा उपलब्ध गराउने अभियान नै चलाइएको संस्थानका रुपेशमान सिंह बताउँछन् । समाजसेवी एवं संस्थानका प्रेमबाबु पटेल, अफरोज आलम, भुषाल चौरसिया, हफिज मियाँ लगायतले आश्रममा पुगेर न्यानो कपडा उपलब्ध गराएका थिए ।

## सिर्सिया नदी प्रदुषण : अब फोहोर पानी फाल्ने उद्योगलाई कारबाही

**वीरगञ्ज**

**सिर्सिया नदी प्रदुषण नियन्त्रणका लागि गठित समितिले प्रदुषित पानी नदीमा मिसाउने उद्योगलाई स्पष्टिकरण सोध्ने निर्णय गरेको छ। समितिको आइतबार जितपुर सिमरा उपमहानगरपालिकाको सभाकक्षमा बसेको बैठकले यस्तो निर्णय गरेको हो ।**



समितिले तीन साता लगातार नदी क्षेत्रमा रहेका उद्योगको अनुगमन गरेको र अहिलेसम्म अनुगमन गरिएका ९ वटा उद्योगमध्ये ट्रिटमेन्ट प्लान्ट निर्माण नगरी प्रदुषित पानी सोझै नदीमा मिसाउने ३ उद्योगलाई पहिलो पटक कारबाही स्वरुप स्पष्टिकरण सोध्ने निर्णय गरेको हो ।

कतिपयले ट्रिटमेन्ट प्लान्ट भएर पनि संचालन नगरेको भेटिएको र तीनलाई पनि कारबाहीको दायरामा ल्याइने समितिले निर्णय गरेको छ ।

अनुगमनका क्रममा मरियम लेदर, मारुती पेपर र दुर्गा पल्प एण्ड पेपरले प्रदुषित फोहोर पानी नदीमा फाल्ने गरेको भेटिएकाले तीनै वटा उद्योगलाई स्पष्टिकरण सोध्ने निर्णय गरेको छ ।

वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले निर्वाचनका बेला जनतासमक्ष गरेको बाचा बमोजिम नदी प्रदुषण नियन्त्रणका लागि समिति नै बनाएका हुन् ।

महानगरका उपप्रमुख इम्तियाज आलम संयोजक रहने गरी बनाइएको सिर्सिया नदी प्रदुषण नियन्त्रण समितिमा जितपुर सिमरा उपमहानगरपालिका, यहाँका उद्योगी व्यवसायी, स्थानीय प्रशासन र सुरक्षा संयन्त्रलाई समेटिएको छ ।

'सिर्सिया प्रदुषण नियन्त्रण एउटाको प्रयासले मात्रै संभव हुँदैन,' मेयर सिंहले भने, 'त्यसैले सबैलाई समेटेर बारा पर्सा हुँदै बग्ने सिर्सिया नदी प्रदुषण नियन्त्रणको महाअभियान अघि बढाइएको हो ।'

यस्तै बैठकले सिर्सिया नदीको आधार क्षेत्र (राइट अफ वे) छुट्याउन नापी कार्यालयको नेतृत्वमा तत्काल काम सुरु गर्ने निर्णय गरेको समितिका संयोजक रहेका उपप्रमुख इम्तियाज आलमले जानकारी दिए ।

'सिर्सिया नदी जितपुर सिमरा उपमहानगरपालिका हुँदै वीरगञ्ज महानगर भएर बग्ने भएकाले दुबैको समन्वयमा नदीको आधार क्षेत्र छुट्याउनुका साथै प्रदुषण नियन्त्रणको पहल हुनेछ, 'संयोजक आलम भन्छन्, 'नदीको क्षेत्रमा पर्ने परवानीपुर गाउँपालिकालाई पनि अर्को बैठकदेखि साथमा लिएर हिँड्ने निर्णय गरेका छौं ।'

सिर्सिया नदीमा उद्योगीहरुको मनपरीका कारण प्रदुषण भइरहेकाले यसलाई नियन्त्रणमा लिन कडाइका साथ समिति लाग्नु पर्ने बैठकले निर्णय गरेको छ ।

'हामीले जसरी पनि सिर्सियालाई प्रदुषण मुक्त बनाउनु छ,' वीरगञ्जका मेयर सिंहले भने, 'त्यसका लागि उद्योगीहरु सच्चिन जरुरी छ, होइन

बाँकी तेश्रो पृष्ठमा

## शिक्षिकाले पानीको ठाउँमा विद्यार्थीलाई स्प्रिट खान दिएपछि मृत्यु



सिरहामा शिक्षिकाको लापरबाहीका कारण एक विद्यार्थीको मृत्यु भएको छ ।जिल्लाको मिर्चैया नगरपालिका

बाँकी तेश्रो पृष्ठमा



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# श्यामश्वेत शाहरुख खान

**उज्ज्वल प्रसाई**

बलिउडका हिन्दी सिनेमाहरू फिका बन्दै गएको विश्लेषण प्रचारमा छ । दक्षिण भारतका चलचित्रमा भइरहेका परीक्षण धेरै रुचाइँदै गएकाले बलिउडमा चलेका कथा, सिनेमा निर्माणका तौरतरिका, स्थापित कलाकार, निर्देशक र निर्माता सबै बिस्तारै विस्मृत हुने आकलन सुनिन्छ ।

यसै बेला दिल्लीबाट निस्कने 'द क्याराभान' पत्रिकाले अभिनेता शाहरूख खानको श्यामश्वेत तस्बिर राखेर उनीमाथि कभर स्टोरी प्रकाशन गरेको छ । लामो समय हिन्दी सिनेमा संसारमा छाएका शाहरूखको रंगैरंगको जिन्दगी यस पटक ओझेल परेको छ तर उनको श्यामश्वेत अवतार बलिउडको व्यापारसँग नभई, भारतको राजनीतिसँग जोडिएको छ ।

भारतीय राजनीतिमा अरू सबै रंग विलुप्त भएर गेरु रंग हावी भएपछि, शाहरूखको सादा तस्बिर अर्थपूर्ण बनेको हो ।

सन् २०१५ मा उनले भारतीय समाजमा असहिष्णुता व्याप्त हुन थालेकामा सार्वजनिक चिन्ता व्यक्त गरेका थिए । त्यसको करिब एक वर्षअघि मात्र भारतीय जनता पार्टी ( बीजेपी) सत्तामा आएको थियो, नरेन्द्र मोदी प्रधानमन्त्री बनेका थिए । दक्षिणपन्थको हावा बाक्लिन थालेपछि मुस्लिम, दलित र धेरै अल्पसंख्यक समुदायले सकस भोग्न सुरु गरे । सत्ताका आलोचकहरू बोल्न र लेख्न हच्किने अवस्था आइलाग्यो । बोलेका वाक्य र शब्दलाई समग्रताबाट विमुख तुल्याएर सामाजिक भनिने विद्युतीय सञ्जालमा दुष्प्रचार गर्ने क्रम सुरु भयो । साथै, ह्वाट्स्यापजस्ता विद्युतीय संयन्त्र प्रयोग गरेर हिन्दू समुदायलाई अपमान गरिएको भन्ने अफवाहहरू फैलाउन थालियो । केही समयपहिले मात्रै मुस्लिमले 'लभ जिहाद' छेडेको अफवाह ह्वाट्स्यापबाटै फैलाएर हिन्दू र मुस्लिम समुदायबीच हिंसा मच्चाइएको थियो । सम्भवत: यी सबै परिस्थितिप्रति चिन्तित हुँदै उनले असहिष्णुता बढेको भनाइ राखेका थिए ।

शाहरूखको सो भनाइ सार्वजनिक भएको सात वर्षपछि, भनाइमा प्रयुक्त 'इन्टोलरेन्स' (असहिष्णुता) शब्दले आम भारतीयको मन दुखाएको र दुनियाँका सामु भारतीय समाजको अपमान गरेको भनेर उनको खेदो खनियो । साथै, शाहरूख र दीपिका पादुकोण अभिनीत 'पठान' सिनेमाको प्रचारका लागि 'बेशरम रंग' नामको गीत सार्वजनिक भएपछि कलाकारले लगाएका गेरु र हरियो रंगका पहिरनलाई औंल्याउँदै भारतीय समाज र हिन्दू धर्मकै अपमान गरेको आरोप लगाइयो । आरोप मात्रै नभई, मध्यप्रदेशका गृहमन्त्री नरोत्तम मिश्राले त सिनेमाहलमा 'पठान' चलाउन नदिने उर्दी पनि जारी गरे । यसै मेसोमा केही समयपहिले दीपिकाले जवाहरलाल नेहरू विश्वविद्यालय ( जेएनयू) का विद्यार्थीको आन्दोलनलाई समर्थन गरेकामा पनि क्षुब्धता व्यक्त गरियो । उनले 'टुकडे टुकडे ग्याङ' अर्थात् मुलुक टुक्र्याउनुपर्छ भन्ने जत्थाप्रति सहानुभूति देखाएको आरोप लगाइयो ।

यसअघि पनि शाहरूखले प्रयोग गरेको 'असहिष्णुता' शब्दलाई नै औजार बनाएर उनी अभिनीत सिनेमा 'जीरो' विरुद्ध प्रचार गरिएको क्याराभानले उल्लेख गरेको छ । बलिउडका धेरै सिनेमाजस्तै यसमा पनि थुप्रै समस्या थिए होलान् र आलोचनाका अनेक बिन्दु पक्कै फेला पर्लान् । सिनेमा हेरेर विषयवस्तु, अभिनय, कथा भन्ने शैली, वा निर्माण र निर्देशनका विभिन्न पक्षमा सम्यक् आलोचना हुन जरुरी हुन्छ । तर सिनेमै नहेरी, कुनै अभिनेताको नाम/थर वा समुदायको आडमा, उसले राखेको कुनै विचारका आधारमा, वा भनाइमा प्रयुक्त एउटा कुनै शब्द टिपेर सिनेमाविरुद्ध विषवमन गरिनुले नै समाजमा असहिष्णुता व्याप्त भएको संकेत गर्छ । यही दुष्प्रचारका कारण कतिपय सिनेमाहलमा 'जीरो' प्रदर्शन नै हुन सकेन भने, प्रदर्शन भएका कतिपय सिनेमा हलसम्म कोही दर्शक पुगेनन् । यस पटक पनि ह्वाट्स्याप नै प्रयोग गरी सिनेमा नहेर्न दर्शकलाई उक्साइएको थियो । क्याराभानका अनुसार दुष्प्रचारका लागि प्रयोग भएको ह्वाट्स्याप मेसेज यस्तो थियो, 'यिन को पैसे देते हो, इस्लामियों को, जिहादियों को पैसे देते हो, यह बाहर जाकर बोलते हैं- इन्डिया इज इन्टोलरेन्ट ।'

त्यति मात्र नभई, शाहरूखलाई हतोत्साही तुल्याउन उनी अभिनीत विज्ञापनले प्रचार गरेका सामग्रीहरूको प्रयोग गर्न नहुने हल्ला मच्चाइयो । राज्य संयन्त्र नै प्रयोग गरेर बिनाप्रमाण उनका छोरा आर्यन खानलाई लागूऔषध प्रयोग र ओसारप्रसार गरेको आरोपमा करिब एक महिना कस्टडीमा राखियो । लामो झन्झट र हैरानी दिएपछि कुनै ठोस प्रमाण फेला नपरेको भन्दै उनलाई रिहा गरियो । त्यसअघि नै उनी बास बसेको होटलअधिल्तिर नाराबाजी गर्ने, उनी चढेको गाडीमा ढुंगा बर्साउने लगायतका काम भइसकेका थिए । पछिल्ला वर्षहरूमा प्रत्येक पटक शाहरूख सम्बन्धी कुनै समाचार सार्वजनिक भएपछि, उनले २०१५ मा बोलेको सोही असहिष्णुता शब्दको स्मरण गरिन्छ, र सो शब्दले सिंगो समाजको कसरी अपमान गरेको थियो भनेर व्याख्या हुन थाल्छ । यही सिलसिला जोडिँदै जाँदा, भारतीय

बाँकी तेस्रो पृष्ठमा

# वामपन्थी पार्टी र मध्यम वर्ग

**श्रेय पौडेल**

नेकपा एमालेका महासचिव शंकर पोखरेलले पुस ४ गते नगरपालिका संघको राष्ट्रिय अधिवेशनमा बोल्नुभएको क्लिप भाइरल भयो । क्लिपमा पोखरेलले संघीयता र प्रदेशका पक्षमा बोल्ने क्रममा नगरपालिकाहरूको नेतृत्वमा नयाँ पार्टी, नयाँ मेयर र पुराने पार्टीका पनि नयाँ अनुहार चुन्ने प्रवृत्तिलाई सहरिया मध्यम वर्गमा आएको विचलन भन्नुभएको छ । देशको प्रमुख वामपन्थी पार्टीका महासचिवले यति बोलिसक्नुभएपछि, नेपाली मध्यम वर्गका बारेमा केही चर्चा गर्नैपर्ने हुन्छ ।

को हो मध्यम वर्ग ?

आर्थिक वर्गको कुरा गर्दा सुरुमा मार्क्स नै आउने भए । उनका अनुसार पुँजीवादी समाजमा श्रमिक ( सर्वहारा) र बुर्जुवा गरी दुई वर्ग हुन्छन् । बुर्जुवासँग उत्पादनका साधन हुन्छन्; जस्तै- जग्गा, कल-कारखाना र पैसा । श्रमिकसँग उत्पादनमा चाहिने एक मात्र साधन हुन्छ- श्रम । मार्क्सका पालामा बुर्जुवा र श्रमिकबीच मध्यम वर्ग उल्लेख्य मात्रामा थिएन । थोरै नै भए पनि, मार्क्सले मध्यम वर्गलाई खासै वास्ता गरेनन् ।

उनको भविष्यवाणीमा पुँजीवादको विकासका क्रममा दुई वर्गबीच ध्रुवीकरण (पोलराइजेसन) हुन जान्छ । अर्थात्, धनी अझै धनी हुँदै जान्छन्, गरीब अझै गरिब । यस क्रममा सीमित मध्यम वर्ग पनि श्रमिक वर्गमा परिणत हुन पुग्छ । मार्क्सलाई वर्गकै विश्लेषणमा चुनौती दिने अर्का जर्मन विद्वान् हुन्- म्याक्स वेबर । उनले मध्यम वर्गको विशिष्ट खालको विश्लेषण गरे- ह्वाइट कलर वर्कर, साधारणतया शारीरिक श्रम होइन, बरु बुद्धिबाट जीविका आर्जन गर्ने तप्का मध्यम वर्ग हो ।

यसले श्रमिक वर्गभन्दा बढी 'लाइफ चान्स' (जीवनमा चाहिने सरसुविधा) प्राप्त गर्छ, किनभने यसको तलब पनि श्रमिकभन्दा बढी हुन्छ । अर्थात्, तलब बढी हुनासाथ स्वास्थ्य, शिक्षा तथा अरू सेवामा मध्यम वर्गको औसत श्रमिकभन्दा बढी पहुँच भयो ।

त्यस्तै, मध्यम वर्गसँग बुर्जुवाको जस्तो आर्थिक पुँजी नभए पनि, फ्रेन्च लेखक बोर्डुवाले पहिचान गरेको सांस्कृतिक पुँजी भने हुन्छ; जस्तै- चिनजान, बोलीचाली, पढाइ, भाषा, गीत-संगीत, रेस्टुराँमा काँटा-चम्चा चलाउने तरिका इत्यादि ।

वेबरले मार्क्सभन्दा ठीक उल्टो अर्को पनि दृष्टिकोण राखे- मध्यम वर्ग हराउँदै जाँदैन, बरु यसको आकार बढ्दै जान्छ । वा, श्रमिक वर्गको ठूलो हिस्सा कालान्तरमा मध्यम वर्गमै समाहित हुन्छ ।

मार्क्स वा वेबरमा को ठीक भन्ने कुरो ठूलै प्राज्ञिक विमर्शको विषय हो । तर विगत डेढ सय वर्षको पुँजीवादको इतिहास सरसर्ती हेर्ने हो भने, मध्यम वर्गको आकार भने बढेकै देखिन्छ ।

कम से कम, नेपालको परिवेशमा मध्यम वर्ग बढेकै छ । यसको मुख्य कारण भनेको चाहिँ प्राकृतिक तवरमै नेपाली जनताको वर्ग उत्थान हुनु हो । यहाँ खान-लाउन संकट हुने किसान वर्गको महत्वपूर्ण तप्काले २०४६ सालपछि खाडी-मलेसियामा गएर श्रम बेच्न थाल्यो ।

त्यहाँबाट पठाइएको पैसाका कारण नेपालका सहरबजार र गाउँहरूमा डिस एन्टिनासहितको एकतले पक्की घर बनाउन, आँगनमा एउटा मोटरसाइकल राख्न र छोरा-छोरीलाई नजिकको अंग्रेजी बोर्डिङ स्कुलमा पढाउन सक्ने क्षमता बढेको देखिएको छ । सन् २०२२ सम्म आइपुग्दा तिनै खाडी-मलेसियाका मजदुरले पठाएको पैसाले देशको कुल गार्हस्थ्य उत्पादनको एकचौथाइ धानेको छ । त्यही पैसाको 'मल्टिप्लायर इफेक्ट' का रूपमा सहरबजारभरि लुगा, खाद्यान्न, स्वास्थ्य, शिक्षा र मनोरञ्जन सम्बन्धी अनेक व्यापार-व्यवसाय चलेका छन् । त्यसैले, खाडी-मलेसियाको मजदुर वर्गले नेपालमा पठाएको पैसाबाट एउटा ठूलो मध्यम वर्गको उदय भएको छ । यसका साथै, नेपालमा पक्का ह्वाइट कलर वर्करहरू - जस्तै: गैरसरकारी संस्थाका कर्मचारीहरू, सरकारी कर्मचारीहरू, शिक्षक, डाक्टर, इन्जिनियर इत्यादि - को संख्या पनि बढेकै छ ।

अवसरवादी कि क्रान्तिकारी ?

मजदुर-किसान वा सर्वहारा वर्गका सम्बन्धमा मार्क्सले 'गुमाउनका लागि (शरीरमा बाँधिएको) साङ्लोबाहेक केही नभएको' भनेका थिए ।

त्यही केही नभएका सर्वहाराले जस्तोसुकै बलिदान दिन सक्ने र समाज बदल्नका लागि क्रान्ति गर्न सक्ने भन्ने अभिप्राय थियो उनको । उन्नाइसौँ शताब्दीको औद्योगिक क्रान्ति भैसकेको युरोपमा धनी र गरिबबीच एकदमै ठूलो खाडल थियो एवं मध्यम वर्ग एकदमै सीमित थियो ।

त्यति बेला क्रान्तिको स्वाभाविक नायक गरिबहरू नै थिए । मध्यम वर्गलाई भने मार्क्सवादीहरूले 'ढुलमुले' र अवसरवादी भएको आरोप लगाउँदै आएको अहिलेदेखि होइन । तर बीसौं शताब्दीको उत्तरार्द्धको लोकतन्त्रीकरण विषयका ज्ञाता डायट्रिक रोसिमेयरले मध्यम वर्गलाई न क्रान्तिकारी न पुरातनवादीका रूपमा हेरेका छन् ।

देश, काल, परिस्थिति अनुसार यसले कहिले श्रमिकको त कहिले बुर्जुवाको साथ दिन्छ । नेपालका पछिल्ला दुई दशक हेर्दा चाहिँ यहाँको मध्यम वर्गले मजदुर-किसानसँग मिलेर राजसंस्था फालेकै हो । तर अहिले आएर मध्यम वर्गको राजनीतिक चेतलाई एक महत्त्वपूर्ण वामपन्थी राजनीतिज्ञले विचलनको संज्ञा दिनुभएको छ ।

शंकर पोखरेल यस अर्थमा सही हुनुहुन्छ कि, सहरिया मध्यम वर्गले बोलेको छ अहिले । 'पोलिटिक्स इज अ डर्टी गेम' भन्ने सहरिया मध्यम वर्ग यसपालि संसदीय निर्वाचनमा पनि जबर्जस्त रूपमा अगाडि आएको छ ।

पत्रकार पत्रकारिताको खोल च्यातेर अगाडि आए, अस्पतालमा मात्र देखिने डाक्टरहरू भोट माग्दै घर-घर हिँडे र सुनसरी क्षेत्र नम्बर १ मा यौनिक अल्पसंख्यक अधिकारवादी गोमा तामाङ 'सरिन' ले १६ हजार ६ सय ६ मत प्राप्त गर्दै झन्डै चुनाव जितिन् । जे होस्, एउटा सकारात्मक ऊर्जा अगाडि आएको छ । ठ्याक्कै यति-उति मध्यम वर्गको भोटले जित-हार भयो भन्ने रिसर्च त अहिले हामीसँग छैन, त्यही पनि, देशको प्रमुख पार्टीका महासचिव पोखरेलको विश्लेषणजस्तै, नयाँ अनुहारहरूलाई जिताउनमा मध्यम वर्गको हात देखिन्छ ।

बल वामपन्थीहरूकै कोर्टमा

कुनै पनि वर्ग आफैँमा अवसरवादी वा क्रान्तिकारी हुँदैन । मजदुर वर्ग गलत दिशामा गयो भने फासीवादमा कसरी होमिन सक्छ भनेर दोस्रो विश्वयुद्धअगाडिको युरोप हेरे पुग्छ । त्यस्तै, अहिलेको सहरिया मध्यम वर्गलाई आफैँमा क्रान्तिकारी कदापि भन्न सकिँदैन । यसमा सीमान्तीकृत जात-जातिलाई हेर्ने नजरमा संकीर्णता देखिन्छ । यसले सुरुदेखि नै संघीय प्रणालीमाथि शंका गरेको छ ।

यसमा वस्तुगत विश्लेषण र योजनाभन्दा पनि लोकप्रियतावाद हावी देखिन्छ । यद्यपि सहरिया मध्यम वर्गको अहिलेको राजनीतिक आवाज पुराना पार्टीहरूको तौरतरिकाविरुद्धको प्रतिक्रिया नै हो ।

तर नयाँ ढाँचामा अगाडि बढ्न खोजे पनि, सहरका मध्यम वर्गको ठूलो हिस्सा अझै पनि वामपन्थी रुझान राख्छ । यो भोट बैंकसँगसँगै सम्पूर्ण सहरिया मध्यम वर्गलाई आफ्नो पकडमा राखिराख्न वामपन्थीहरूले के गर्नुपर्छ त ? एउटा राजनीतिक दल, त्यसमाथि पनि वामपन्थी दलले सर्वहारा र मध्यम

बाँकी तेस्रो पृष्ठमा

# कर्मवीरको पर्खाइमा देश

**रमेशकुमार अधिकारी**

कर्मवीरले नै हो, देश बनाउने र जनताको जीवनमा आशातीत परिवर्तन ल्याउने विश्व इतिहासले पनि यही भन्छ।

देशले समृद्धि खोजिरहेको छ। जनतामा शीघ्र सेवा तीव्र विकासको उत्कट अभिलाषा छ।

स्वदेशमै शिक्षा, दिक्षा र रोजगारी होस् भन्ने चाहना व्याप्त छ। तर कटुसत्य बोल्न पर्दा राज्यले प्रदान गर्ने सेवा प्राप्तिका लागि नागरिक भएर मात्र नपुग्ने अवस्था छ। अतिरिक्त माध्यमको सहारा लिनु पर्छ।

उदाहरणका लागि नागरिकले राज्यको सेवा प्राप्त गर्न राजनीतिक शक्ति (पोलिटिकल पावर) मिसाउनु पर्छ अथवा पदको प्रभाव (पोजिसनल इन्फ्लुयन्स) देखाउन सक्नु पर्छ।

व्यक्तिगत नाता (पर्सनल रिलेसन) जोड्न सक्नु पर्छ। अथवा घुस (पेमेन्ट) दिएर काम गराउनु पर्छ। यसरी सार्वजनिक सेवा प्रवाहमा फोर-पी को जबर्जस्त पकड विद्यमान छ। यसलाई नभत्काउँदासम्म जति आदर्श कुरा गरे पनि सिस्टम बस्न सक्दैन, सुशासन बहाल भएको मानिँदैन।

संसारका विकसित वा तीव्र विकासशील देशहरूको सफलतताको सूत्र केलाउँदा सुशासन बहाल नभइकन देश विकसित र समृद्ध बन्न सक्दैन भन्ने तथ्य फेला पर्छ। त्यसैले नेपालका लागि सुशासन पहिलो सर्त भएको छ।

हाम्रो देशको संविधानले दिगो शान्ति, सुशासन, विकास र समृद्धिको वाचा गरेको छ। यस निमित्त संघीय लोकतान्त्रिक गणतन्त्रको स्वरूपमा राजनीति तथा शासन व्यवस्था अवलम्बन गरिएको छ।

संघात्मक ढाँचामा एकभन्दा बढी सरकारको उपस्थिति रहन्छ। जनताले नजिकमा सरकार भेट्न पाउँछन्। यही अवधारणाअन्तर्गत मुलुकमा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील छन्। लोकतान्त्रिक प्रणालीले आवधिक निर्वाचनमार्फत संसद् र सरकारमा राजनीतिक नेतृत्व स्थापित हुने व्यवस्था गरेको छ। पाँच/पाँच वर्षमा बहुदलीय प्रतिस्पर्धाका आधारमा तीन तहमा निर्वाचन हुने गर्दछ। यो व्यवस्थाले नेतृत्वलाई निरंकुश बन्न दिँदैन।

गणतन्त्रले नागरिक देशको सर्वोच्च पदमा पुग्ने मार्ग प्रशस्त गरेको छ। प्रत्येक दिन जन्मने बच्चा राष्ट्रको प्रमुख बन्ने सम्भावना बोकेर हुर्कने प्रत्याभूति गणतन्त्रले गरेको छ। यसरी संघीय लोकतान्त्रिक गणतन्त्रको स्वरूपमा राजनीति तथा शासन व्यवस्था अवलम्बन गरिनुमा सुशासनलाई प्रस्थान बिन्दु मानेर त्यसका माध्यबाट दिगो शान्ति, विकास र समृद्धि हासिल गर्ने संविधानको प्रमुख लक्ष्य रहेको अर्थ्याउन सकिन्छ। अब प्रश्न उठ्छ, सुशासनको प्रचलन र प्रवर्द्धनमा प्रमुख जिम्मेवारी र जवाफदेहिता कस्को रहन्छ ?

जनस्तरले सुशासनको अनुभूति गर्न समयले कर्मवीर खोजिरहेको छ। संविधानत: सुशासनको जिम्मेवार र जवाफदेही प्रधानमन्त्री कर्मवीर हुनै पर्छ। प्रधानमन्त्री अकूट हुनै पर्छ।

हाम्रो देशको संविधानअनुसार सिद्धान्त र व्यवहार दुवै तवरमा सुशासनको जिम्मेवारी र जवाफदेहिता सर्वोपरि रूपमा प्रधानमन्त्रीमा रहन्छ। किनकि प्रधानमन्त्रीलाई कार्यकारी बनाइएको छ। प्रधानमन्त्री पदलाई सरकार प्रमुख (हेड अफ द गभर्मेन्ट) को रूपमा परिभाषित गरिएको छ।

त्यसैले प्रधानमन्त्री पद सुशासनका लागि जिम्मेवार र जवाफदेही पद हो। यो पदमा पुग्ने व्यक्तिले सुशासन बहाल गर्न मनसा-कर्मणा-वाचा सदा दृढ हुनुपर्छ। जनस्तरले सुशासनको अनुभूति गर्न समयले कर्मवीर खोजिरहेको छ। यस सन्दर्भमा प्रधानमन्त्री कर्मवीर हुनै पर्छ। प्रधानमन्त्री अकूट हुनै पर्छ।

हुनत: आधुनिक नेपालका प्रधानमन्त्रीको सूची लामो छ। तथापि संविधानसभाले संविधान बनाए यताको समयलाई विकास र समृद्धिको युगको रूपमा बुझ्ने बुझाउने काम भएकाले यो शृंखलामा २०७४ को निर्वाचनबाट सुरुमा केपी शर्मा ओली र पछि शेरबहादुर देउवा प्रधानमन्त्री हुनुभयो।

उहाँहरूको कार्यकाल राजनीतिमै अल्मलिन पुग्यो। सुशासनले फड्को मार्न सकेन। यही बीचमा प्रतिनिधिसभाको पहिलो कार्यकाल सकिएका कारण २०७९ मंसिर ४ मा दोस्रो कार्यकालका लागि निर्वाचन सम्पन्न भयो।

उक्त निर्वाचनको नतिजाका आधारमा प्रतिनिधिसभाको सदस्यमा विजय हासिल गरेका दलहरूको समर्थनमा नेपाल कम्युनिस्ट पार्टी ( माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड नेपालको ४४औं प्रधानमन्त्री बन्नु भएको छ।

राष्ट्रपतिबाट उहाँ यही पुस १० गते नियुक्त हुनु भएको हो र पुस ११ मा पद तथा गोपनीयताको शपथ लिनु भएको छ। सोही दिन उहाँको नेतृत्वमा सानो आकारको मन्त्रिपरिषद् गठन भएको छ।

सम्भवत: प्रधानमन्त्रीले संसद्मा विश्वासको मत प्राप्त गरेपछि सरकारले पूर्णआकार प्राप्त गर्नेछ। मौजुदा सरकारको गठन प्रकृति मिलिजुली छ। प्रतिनिधिसभामा कुनै पनि दलको एकल बहुमत नभएकाले मिलिजुली सरकार बनाउनु पर्ने संवैधानिक बाध्यताले गर्दा मिलिजुली सरकार बन्ने परिस्थिति बनेको हो। नयाँ प्रधानमन्त्रीको नियुक्तिको सेराफेरोमा विकसित घटनाक्रम पनि चमत्कारपूर्ण रह्यो।

प्रतिनिधिसभाको निर्वाचनका समयमा नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र), नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी), संयुक्त जनमोर्चा र

बाँकी तेस्रो पृष्ठमा

# पोखरीया नगरपालिकाको छैठौं नगर सभाको तेस्रो बिशेष बैठक सम्पन्न



पर्सा। पर्साको पोखरीया नगरपालिकाले आफ्नो २०७९/०८० को छैठौं नगर सभाको तेस्रो बिशेष बैठक सम्पन्न गरेको छ । सभा पोखरीयाको नगरपालिकाको सभा हलमा सम्पन्न भएको हो ।

पोखरीयाको नगर प्रमुख प्रद्युमन प्रसाद चौहानको अध्यक्षतामा सम्पन भएको बैठकमा नगर उप प्रमुख रूबी कुमारी ठाकुर,पोखरिया नगर पालिकाको प्रमुख प्रशासकीय अधिकृत अशोक रौनियार, वडा अध्यक्ष प्रमोद गिरी,केदार महतो चाई, रामप्रवेश प्रसाद चौहान, लक्ष्मण साह कानु ,महिन्द्र प्रसाद चौहान, सियानन्द प्रसाद चौहान, प्रमानन्द प्रसाद कुर्मी ,किशोरी साह , नौशाद आलम, सोनालाल साह गोढ, कार्यपालिका सदस्य अजय कुमार कलवार, राधा साह कानु ,रामबचन महतो ,सीमा कुमारी पटेल,चुनी देवी, सलीमा खातुन ,सुगांधी देवी , तेतरी देवी, वडा सदस्यहरु,प्रशासन शाखा प्रमुख संदीप साह , शिक्षा शाखा प्रमुख विजय झा , बाल्मिकी साह, लगाएतको सहभागिता रहेको थियो ।

सभामा लेखा प्रमुख मनोज गिरिले स्वागत मन्तव्य राखेका थिय भने सञ्चालन नरेन्द्र साहले गरेका थिए । सभा कार्यपालिका सदस्यहरुले उठाएका बिभिन्न प्रश्नहरुको जवाफ दिदै नगर प्रमुख चौहानले बिगतमा भएकामा कमी कमजोरीलाई सच्याउँदै नगरपालिकाको सम्पूर्ण कार्यहरुलाई जनमैत्री तथा चुस्त दुरुस्त बनाउँन दावी गरे ।

# अवैध क्रसर उद्योग बन्द गर्न जिल्ला प्रशासन कार्यालय पर्साको निर्देशन




वीरगंज। पर्सा जिल्लाभित्र अवैधरूपमा सञ्चालित क्रसर उद्योग बन्द गर्न जिल्ला प्रशासन कार्यालय पर्सा निर्देशन दिएको छ। प्रशासनले आइतबार एक सूचना जारी गर्दै त्यस्ता क्रसर उद्योग बन्द गर्न निर्देशन दिएको हो ।

सहायक प्रमुख जिल्ला अधिकारी महेश राज तिम्सिनाद्वारा जारी सूचनामा प्रचलित कानून र मापदण्ड विपरीत अनुमती नलिई, दर्ता तथा नवीकरण नगरी सञ्चालनमा रहेका ढुंगा, गिट्टी तथा उत्खनन, प्रशोधन कार्यमा संलग्न क्रसर उद्योगहरु तत्काल बन्द गर्न निर्देशन गरिएको छ ।

यस्तै, विभिन्न आयोजना विकास तथा निर्माणको प्रयोजनका लागि सञ्चालित भएका तर, आयोजना समाप्तिपछि पनि सञ्चलानमै रहेका उद्योगहरु बन्द गर्न प्रशासनले व्यवसायीहरूलाई अनुरोध गरेको छ ।

साथै प्रशासनले आयोजना सकिए पनि सञ्चालनमै रहेका क्रसर उद्योग तत्काल बन्द गर्न उद्योग/निर्माण व्यवसायी, स्थानीय तह तथा सुरक्षा निकायलाई समेत यसको निगरानी गरी बन्द गर्ने कार्यमा सहयोग गर्न अनुरोध गरिएको छ ।

प्रचलित कानूनबमोजिम सञ्चालनमा रहेका क्रसर उद्योगहरूलाई सम्बन्धित कागजात प्रशासनमा पेश गर्न भनिएको छ । सूचना उल्लंघन गरे कारबाहीको चेतावनी दिइएको छ ।

केही दिनअघि देशभरका जिल्ला प्रशासन कार्यालयलाई गृहले अवैध क्रस बन्दको निर्देशन दिएको थियो

# नेपाल समाजवादी पार्टीले माओवादीसँग एकताका लागि वार्ता समिति बनाउने




काठमाडौं। नेपाल समाजवादी पार्टीले नेकपा (माओवादी केन्द्र) सँग एकता गर्नका लागि वार्ता समिति बनाउने भएको छ ।

पार्टी केन्द्रीय कार्यालयमा आइतबारदेखि सुरु भएको पार्टीको राजनीतिक समितिको बैठकले सो समिति बनाउने पार्टीका सह-अध्यक्ष गंगानारायण श्रेष्ठले जानकारी दिएका हुन् ।

आजको बैठकमा पार्टी अध्यक्ष डा. बाबुराम भट्टराईले 'समाजवादी ध्रुवीकरण आजको आवश्यकता' नाम दिइएको राजनीतिक प्रतिवेदन पेस गरेका छन्। डा. भट्टराईले पेस गरेको राजनीतिक प्रतिवेदनमाथि छलफल प्रारम्भ भएको पनि श्रेष्ठले जानकारी दिए ।

उनले बैठकले नेकपा ( माओवादी केन्द्र) सँग पार्टी एकता गर्नका लागि वार्ता समिति बनाउने र सो समितिलाई माओवादी केन्द्र लगायतका अन्य पार्टीहरूसँग पनि एकता तथा ध्रुवीकरण गर्नका लागि छलफल र प्रयास गर्न अधिकार दिइने स्पष्ट पारे ।

उनले भने, 'हामीले एउटा दस्तावेज बनाएका छौँ। खासगरी समाजवादी ध्रुवीकरणको आवश्यकता । यो विषयमा एउटा दस्तावेज छ र त्यो दस्ताबेजमा हामीले पाँचवटा खण्डहरू राखेका छौँ ।

र त्यो दस्ताबेजमा हामीले नयाँ शक्ति पार्टी निर्माण गरेर यहाँसम्म आउँदाखेरि के आरोह अवरोहरु पार गर्‍यौं, के उपलब्धि भयो ?

के क्षति भयो त्यसको विषयमा हामीले समीक्षा गरेका छौँ । दोस्रो, निर्वाचनको समीक्षा पनि गरेका छौँ ।

र अब समाजवादी ध्रुवीकरण किन आवश्यक छ ? त्यो विषयमा पनि हामीले जोड दिएर दस्तावेजमा उल्लेख गरेका छौँ । अब कसरी जाने भन्ने पनि त्यसमा उल्लेख छ। अर्थात् यो दस्तावेजले नै सबै एजेन्डाहरू समग्रमा बोकेको छ । यो दस्तावेज बाहेक हामीले एउटा मात्रै एजेण्डा संगठन कार्य

**बाँकी तेश्रो पृष्ठमा**

# तीन महिलाको हत्या गरेको आरोपमा दम्पत्ती पक्राउ



रासस,तीन महिलाको हत्या गरेको आरोपमा प्रहरीले एक दम्पतीलाई पक्राउ गरेको छ।

शृङ्खलाबद्ध रूपमा अर्घाखाँची, गुल्मी र कपिलवस्तुमा तीन जनाको हत्या गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको हो।

भारतको गुडगाउँ हरियाणाका २३ वर्षीय सुशान्त सिंह र उनकी श्रीमती २२ वर्षीया शिवा परियारलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

उनीहरूले वृद्ध तथा एकल महिलाको हत्या गरी गरगहना तथा नगद लुट्ने काम गर्दै आएको आरोप छ।

उनीहरूले शृङ्खलाबद्ध रूपमा यही पुस १७ गते अर्घाखाँचीको शीतगंगा नगरपालिका-१० बहखोरकी ६० वर्षीय राधा थापा, गत कात्तिकमा गुल्मीको इस्मा गाउँपालिका-५ की ७५ वर्षीय जीवकला थापा र गत असोजमा कपिलवस्तुको विजयनगर गाउँपालिका-४ की ७० वर्षीय योगमाया गैरेको हत्या गरेको जिल्ला प्रहरी कार्यालयका प्रमुख मुकुन्दप्रसाद रिजालले बताए।

श्रीमतीसँग मिलेर गरेको सुशान्तले बताएपछि उनकी श्रीमती शितगंगा-१० सिद्धाराकी शिवालाई प्रहरीले पक्राउ गरेको हो।

गुल्मी, अर्घाखाँची र कपिलवस्तुमा तीनै महिलाको हत्या गरी गरगहना तथा नगद लुट्ने सिंह दम्पतीलाई प्रहरीले पत्रकार सम्मेलन गरी सार्वजनिक गरेको हो।

उनीहरू दुवैविरूद्ध कर्तव्य ज्यान मुद्दा चलिरहेको रिजालले जानकारी दिए।

# माधव नेपालको पार्टी प्रतिपक्षमै बस्ने, विश्वासको मतबारे अझै अनिर्णित




२४ पुस, काठमाडौं । संघीय संसद सचिवालयले राजनीतिक दलहरुलाई सोधेर कुन पार्टी कुन बेञ्च (सत्तापक्ष वा प्रतिपक्ष) मा बस्ने भनेर सोधेको छ । दलहरुले दिएको जवाफका आधारमा प्रतिनिधिसभा भवनमा सिट व्यवस्थापन गरिएको छ ।

संसद सचिवालयका अधिकारीहरुका अनुसार 'एकीकृत समाजवादीले प्रतिपक्षी बेञ्चमा बस्छौं' भनी जानकारी गराएको छ ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग आइतबार बिहान मात्रै एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले भेटेका थिए । भेटपछि प्रधानमन्त्री प्रचण्डले आफूलाई विश्वासको मत दिने सन्दर्भमा एकीकृत समाजवादी सकारात्मक रहेको जवाफ दिएका थिए । तर, एकीकृत समाजवादीले संसद सचिवालयलाई भने आफूहरुलाई प्रतिपक्षी बेञ्चमा राखिदिन भनेको हो ।

प्रधानमन्त्री प्रचण्डले मंगलबार विश्वासको मत लिँदैछन् । यसकारण सोमबारबाट सुरु हुने अधिवेशनमा एकीकृत समाजवादीले आफूहरुलाई प्रतिपक्षी बेञ्चमा राखिदिन गरेको आग्रहलाई अर्थपूर्ण रुपमा लिइएको छ ।एकीकृत समाजवादीका महासचिव बेदुराम भुसाल प्रधानमन्त्रीलाई विश्वासको मत दिने विषयमा सोमबार नै निर्णय हुने बताउँछन् । उनी भन्छन्, 'हामी सत्तामा छैनौं त्यसकारण सोमबार प्रतिनिधिसभाको पहिलो बैठकमा हामी प्रतिपक्षमै बस्छौं ।'

# प्रथम राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता ठोरीमा शुरु




सेढवा, २४ पुस/पर्साको ठोरी गाउँपालिकामा आइतवारदेखि प्रथम राष्टपति रनिङ्ग शिल्ड प्रतियोगिता-२०७९ शुरू भएको छ ।

गापाको कार्यालय घ्याङ्गडाडामा आज एक समारोहबीच पर्साका प्रमुख जिल्ला अधिकारी उमेशकुमार ढकालले प्रतियोगिताको उदघाटन गर्दै बालबालिकामो शिक्षाको विकास साथसाथै खेलकुदको विकास गर्न आवश्यक रहेका बताए ।

उनले खेलकुदले बालबालिकाको शरीर स्वास्थ्य तथा हष्ठपुष्ट राख्न मद्दत मिल्ने र खेलकुदको माध्यमले समाज तथा पालिकाको नाम राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा चिनाउन मद्दत मिल्ने बताए । बालबालिकामा अन्तरनिहित प्रतिभा खेलको माध्यमबाट उजागर गरी सफल खेलाडी उत्पादन गर्न सकिने प्रजिअ ढकालले बताए ।गापा अध्यक्ष लालबहादुर श्रेष्ठको अध्यक्षतामा भएको उदघाटन समारोहमा जिल्ला समन्वय समिति पर्साका पूर्व उपसभापति ठाकुरप्रसाद न्यौपाने, नेपाली काङ्गेसका प्रतिनिधि बृहस्पतिकृष्ण श्रेष्ठ, नेकपा एमाले ठोरीका अध्यक्ष खगेन्द्र श्रेष्ठ, नेकपा माओवादीका ठोरी इन्चार्ज हरिबहादुर सुनार र गापाका शिक्षा शाखा प्रमुख भोपाल जोशी, प्रहरी उपरिक्षक कोमल शाहले शुभकामना व्यक्त गरेका थिए । कार्यक्रम हेम चापागाइँले सञ्चालन गरेका थिए ।

# सत्ता गठबन्धनमा मिल्यो भागवण्डा, कुन पार्टीलाई कुन प्रदेश ?



काठमाडौं । सत्तारुढ गठबन्धन दलहरुबीच प्रदेश सरकार गठनको बाँडफाँट टुंगिएको छ ।

दलहरुबीच आइतबार साँझ बालुवाटारमा भएको छलफलमा बाँकी रहेका ६ वटा प्रदेशको पनि बाँडफाँट भएको हो। जसमा गण्डकी र लुम्बिनीमा एमालेले सरकार बनाउने, वागमती र सुदूरपश्चिममा एमाले र माओवादीले आलोपालो गर्ने, मधेस प्रदेशमा जसपा र जनमतले आलोपालो सरकार बनाउने र कर्णालीमा माओवादीले सरकार बनाउने सहमति भएको राप्रपाका अध्यक्ष राजेन्द्र लिङदेनले नेपाल प्रेसलाई जानकारी दिएका छन् ।

आजै प्रदेश १ मा भने नेकपा एमालेका हिक्मत कार्की मुख्यमन्त्री नियुक्त भइसकेका छन् ।

बैठकमा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड', नेकपा एमालेका अध्यक्ष केपी

**बाँकी तेश्रो पृष्ठमा**